# स्थानीय राजपत्र

राइनास नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ३) तीनपिप्ले, लमजुङ, २०७८ साल फागुन ६ गते (संख्या ९)

## भाग १

## विपन्न तथा विपतजन्य जोखिममा परेका नागरिकलाई दिइने सहायतालाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७८

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधीको नाम "विपन्न तथा विपतजन्य जोखिममा परेका नागरिकलाई दिइने सहायतालाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधी राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कायविधि" भन्नाले "विपन्न तथा विपतजन्य जोखिममा परेका नागरिकलाई दिइने सहायतालाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७८" लाई सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले राइनास नगरपालिकालाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले राइनास नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "प्राकृतिक विपद" भन्नाले (भुकम्प, बाढी, पहिरो, आगजनी, हावाहुरी जस्ता विपद जन्य जोखिमहरूलाई बुझाउँछ।

(ङ) "कडा रोग" भन्नाले मुटु, मृगौला, कलेजो, क्यान्सर, स्पाइनल इन्जुरीलाई सम्झनु पर्छ।

(च) "नगर प्रमुख" नगरपालिकाको प्रमुखलाई बुझाउँछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राइनास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउँछ।

(ज) "समिति" भन्नाले वन वातावरण तथा विपद् व्यवस्थापन समितिलाई बुझाउँछ।

३. राइनास नगरपालिका भित्र बसोवास गर्ने देहायका व्यक्तिहरूलाई सम्बन्धित व्यक्तिको निवेदन, निजको नागरिकताको प्रतिलिपि र वडा कार्यालयको सिफारिसको आधारमा बढीमा पाँच हजार रुपैंयासम्म नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सामान्य आर्थिक सहायता रकम उपलब्ध गराउनेछ। तर देहाय (ङ) मा उल्लेखित बेखर्ची व्यक्तिहरूको हकमा राइनास नगरपालिका भित्र स्थायी बसोवास' नभएको भएपनि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। नगरपालिका बाहिरका आपतकालिन अवस्थामा रहि वेखर्ची भएका मानिसलाई आर्थिक सहायता दिँदा वडा कार्यालयको सिफरिस अनिवार्य हुने छैन।

(१) सामान्य आर्थिक सहयोग

क) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अशक्त विरामी व्यक्ति

ख) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अपाङ्गता भएका व्यक्तिहरू,

ग) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका वृद्ध वृद्धा,

घ) अति विपन्न व्यक्तिहरू

ङ) बेखर्ची व्यक्तिहरू

४. **विशेष आर्थिक सहायताः** (१) राइनास नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने देहायका व्यक्तिहरूलाई सम्बन्धित व्यक्ति वा संरक्षकको निवेदन, निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पस्ट किटानी सिफारिस, मेडिकल वोर्ड वा क्षेत्रीय स्तरको अस्पताल वा नगरपालिकाको विपन्न एवम् असाहय कडा रोग सिफारिस समितिको सिफारिसका आधारमा वढीमा पन्ध्र हजार रुपैंयासम्म नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ। सो भन्दा माथिको आर्थिक सहायता उपलब्ध गराउनु पर्दा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

क) कडा रोग लागि अपरेशन गर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरू,

ख) शरिरको कुनै अङ्ग फेर्नु पर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरू,

ग) कडा रोग लागि उपचारको लागि धेरै खर्च लाग्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरू,

तर, निसन्तान वा सन्तान भएपनि सन्तानद्वारा परित्यक्त वृद्धाश्रममा बसेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वृद्ध वृद्धाहरू तथा बाल संरक्षण गृहमा रहेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वालवालिकाहरूको हकमा स्वास्थ्य शाखाको सिफारिस, उपचार एवं औषधी सेवन सम्बन्धी चिकित्सकको सिफारिस, औंषधी खरिद सम्बन्धी बिल भरपाई लगायतका व्यहोरा प्रमाणित हुने कागजात र वडा कार्यालयको सिफारिसका आधारमा वढीमा सात हजार रुपैया सम्म नगरप्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ।

(घ) आर्थिक अवस्था कमजोर भएका, संरक्षक नभएका, पालनपोषण, शिक्षा र स्वास्थ्य सम्बन्धी सुविधा प्राप्त गर्न कठिन भएका व्यक्तिलाई

१६ वर्ष उमेर पूरा नभएसम्म वा १२ कक्षा उत्तीर्ण नभएसम्म सामाजिक विकास समिति र शिक्षा शाखाको सिफारिसको आधारमा सहायता उपलब्ध गराइने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक अवस्था सबल भएका र सन्तानबाट पालन पोषण गर्न सकिने अवस्थाका वृद्ध बृद्धालाई आर्थिक सहायता उपलब्ध गराइने छैन।

५. प्राकृतिक प्रकोप तथा विपद्‌जन्य आर्थिक सहायता :
प्राकृतिक प्रकोपबाट व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको क्षति हुँदा प्रहरी मुचुल्का, वडाको सिफारिस, फोटो सहित समितिको क्षतिको मूल्याङ्कनको आधारमा देहाय बमोजिमका व्यक्ति वा संस्थालाई देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने।

क) कनै व्यक्तिको घर बस्न नमिल्ने गरी क्षती भएमा समरुप वा घट्दो ह्रास कट्टि मूल्याङ्कन विधिको आधारमा समितिले मूल्याङ्कन गर्दा जुन कम मूल्याङ्कन रकम हुन्छ त्यही आधारमा कट्टी गरि हुने रकमको १० प्रतिशतले हुन आउने रकम आर्थिक सहायता उपलब्ध गराईने छ।

ख) कुनै व्यक्तिको घर गोठ नष्ट र मानिस समेत घाइते भएमा उपचार खर्च एवं क्षतिको समितिको मूल्याङ्कनको आधारमा ह्रास कट्टि समेत गरी २० प्रतिशतसम्म उपलब्ध गराउन सकिनेछ।

ग) कुनै व्यक्तिको घर गोठ नष्ट भई उल्लेख्य रुपमा धनजनको क्षति भइ मानिसको मृत्यु समेत भएमा कार्यपालिकाबाट निर्णय गर्ने गरी तत्काल नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले पचास हजारसम्म उपलब्ध गराउन सक्नेछ। सो को लागि स्थानीय पत्रपत्रिका एवं संचार माध्यममा समाचार प्रकाशित भएको हुनु पर्नेछ।

घ) सार्वजनिक विद्यालय, स्वास्थ्य चौकी, कम्पाउण्ड वाल, सडक लगायत सार्वजनिक संरचनाको प्राकृतिक विपद्‌बाट क्षति भएमा प्राविधिक मूल्याङ्कन, वडाको सिफारिस, प्रहरीको सर्जमिन मूल्याङ्कनको आधारमा मूल्याङ्कन बमोजिम श्रोतको व्यवस्थालाई समेत ध्यान दिई कार्यपालिकाले निर्माण कार्य गर्ने सम्बन्धी निर्णय गरे बमोजिम हुनेछ।

६. पशुपंक्षी र चौपायको क्षतिउपर आर्थिक सहायता : (१) नगरपालिकामा दर्ता भएका फर्मका पशु चौपाय भिरबाट लडी मरेको, संक्रामक रोगबाट मरेको र

वन्यजन्तुको आक्रमणबाट मरेको अवस्थामा क्षतिको मूल्याङ्कन समितिले गर्नेछ।

(२) उपदफा (१) अनुसारको मूल्याङ्कन समितिले बजार दर, जिल्ला दर रेट र विमाको क्षति मूल्याङ्कन सम्बन्धी नर्म्स अनुसार मूल्याङ्कन गर्नेछ। सो मूल्याङ्कन रकमको अधिकतम पन्ध्र प्रतिशतसम्म आर्थिक सहायता दिन सकिनेछ।

तर पशुपंक्षी तथा चौपायको विमा दावी गरेको अवस्थामा उक्त रकम उपलब्ध गराइने छैन।

(३) समितिले आवश्यकता अनुसार विज्ञलाई समेत वैठकमा आमन्त्रण गरि क्षति मूल्याङ्कन गर्नसक्नेछ।

७. नगरपालिका क्षेत्रभित्रका नविन सिर्जना, बिशिष्ठ, असाधारण प्रतिभा भएका विपन्न व्यक्ति, साँस्कृतिक, धार्मिक, उद्यमशिलता, खेलकुद, कला साहित्य लगायतका क्षेत्रमा पथप्रदर्शक (रोलमोडल) भई नगरपालिकाको ख्याति एवं प्रतिष्ठा प्रबर्द्धनमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई नगरप्रमुखले वडाको सिफारिस, ज्ञान, सीप, क्षमता प्रमाणित गर्ने सम्बन्धित निकायले जारी गरेको प्रमाण, फोटो एवं भिडियो, प्रदर्शनिमा उपस्थितिको माइन्यूट एवं मुचुल्का समेतका आधारमा बढीमा पन्ध्र हजारसम्मको सहायता उपलब्ध गराउन सक्नेछ।

तर यस्तो कार्यमा तीन भन्दा बढी व्यक्तिहरूको समूह भई विधिवत रुपमा सम्बन्धित निकायमा दर्ता भएको अवस्थामा बढीमा पच्चिस हजारसम्म उपलब्ध गराउन बाधा पर्ने छैन।

८. नगरपालिकाबाट उपलब्ध गराइएका आर्थिक सहायता रकम त्रैमासिक रुपमा वेभसाइट वा सूचना पाटी मार्फत सार्वजनिक गर्नुपर्नेछ।

९. सामान्य आर्थिक सहयोग गर्ने अधिकार नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. यस अघि नगरपालिकाबाट वितरण भएका आर्थिक सहायता समेत यसै अनुसार भएको मानिनेछ।

आज्ञाले,<br>
गोकर्ण राज सुयल<br>
प्रमुख प्रशासकीय अधिकृत